# बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावना :**

बालिका, अपाङ्गता भएका एवं सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा समन्यायिक पहुँच तथा सहभागिता, सिकाइ उपलब्धि सुनिश्चित गर्न, निवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षामा समता, समावेशीकरण एवं विविधता व्यवस्थापनका विषयलाई प्रभावकारी बनाउन सङ्घय, प्रदेश, स्थानीयतह र विद्यालयमा सरोकारवालाको सञ्जाल गठन गरी विद्यालयतहको शिक्षामा सहभागिता तथा समावेशीकरणलाई सुदृढीकरण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोगगरी गोलवजार नगरपालिकाले यो मापदण्ड जारी गरेको छ।

प्रमाणीकरण मिति
२०८२।१२।२८
नगर प्रमुख

## परिच्छेद १
## प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड गोलवजार नगरपालिकाको कार्यपालिका वाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क. पालिका भन्नाल गोलवजार नगरपालिकालाई सम्झनु पर्छ।

ख. ऐन भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ सम्झनु पर्छ।

ग. मापदण्ड भन्नाले "वालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन सम्वन्धी मापदण्ड, २०८०" सम्झनु पर्छ।

घ. लक्षित व्यक्ति भन्नाले विद्यालयमा भर्ना, निरन्तरता एवं सिकाइ प्रक्रियाका लागि थप सहयोग पुर्याउनु पर्ने गरी विद्यालय वा पालिकाले पहिचान गरेका व्यक्ति सम्झनु पर्छ।

ङ. सञ्जाल भन्नाले यस मापदण्डको दफा ५को उपदफा (२) वमोजिम गठन हुने बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्झनु पर्छ र सो शब्दले दफा ७ उपदफा (२) वमोजिम विद्यालयमा गठन हुने विद्यालय स्तरीय वालिका तथा समावेशी शिक्षा सञ्जाललाई समेत जनाउँछ।

च. सीमान्तकृत समुदायका वालवालिका भन्नाले प्रचलित कानुन वमोजिम सीमान्तीकृत समुदाय अन्तर्गतका विद्यालय शिक्षाको पहुँच वाहिर रहेका वालवालिका सम्झनु पर्छ र सो शब्दले विभिन्न कारणवाट शिक्षामा निरन्तरता दिन असमर्थ भएका बालवालिकालाई समेत जनाउँछ।

छ. स्रोत कक्षा भन्नाले अपाङ्गता भएका वालबालिकाका लागि विद्यालयमा सञ्चालन गरिएको सहयोग उपलब्ध गराउने कक्षालाई सम्झनु पर्छ।

ज. 'संस्था' भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानुन बमोजिम दर्ता भई शिक्षाका क्षेत्रमा क्रियाशील संस्था सम्झनुपर्छ।

झ. प्रमुख भन्नले गोलवजार नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

 नगर प्रमुखको दस्तखत:

नगर प्रमुख
२०८२।१२।२८
२०८२।१२।२९

## परिच्छेद २

## उद्देश्य तथा सिद्धान्त

**३. मापदण्डको उद्देश्य:** (१) सङ्घ, प्रदेश र स्थानीयतहमा सञ्जालको गठन र प्रभावकारी परिचालन मार्फत बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरतार सिकाइ उपलब्धि सुधारमा टेवा पुऱ्याई अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु यस मापदण्डको मूल उद्देश्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको मूल उद्देश्य प्राप्तिका लागि यस मापदण्डको अन्य उद्देश्य देहाय बमोजिम रहेका छन्।

क. पालिका र विद्यालयमा सञ्जालको गठन गर्नु,

ख. आफ्नो परिवेशमा समावेशी शिक्षाको लक्षित व्यक्तिको विशिष्ट सहयोगको आवश्यकताको पहिचान गर्नु,

ग. बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको लागि नीति, योजना, कार्यक्रम मार्फत आवश्यकता सम्बोधन गर्न आवश्यक सहकार्य र पैरवी गर्न सञ्जालको परिचालन गर्नु।

**४. सिद्धान्त:** (१) सञ्जालको गठन तथा परिचालनका सिद्धान्त देहाय बमोजिम हुने छ :

क. शिक्षामा समता र समानताको प्रवर्धन तथा मानवीय गरिमाको रक्षा गर्नु,

ख. बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशिता, वैयक्तिक सिकाइ आवश्यकता र विविधताको सम्मान गर्नु,

ग. कठिनाइ तथा जोखिममा रहेका वर्गको शैक्षिक अधिकार सुनिश्चित गर्न शैक्षिक प्रणालीमा उचित अनुकूलन गर्नु।

## परिच्छेद ३

## बालिका तथा समावेशी शिक्षा सञ्जाल संरचना

**५. बालिका तथा समावेशी शिक्षा सञ्जाल:** (१) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चितता, पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधारका लागि योजना तर्जुमा तथा कार्यान्वयन सहजीकरणका लागि यस पालिकामा एक बालिका तथा समावेशी शिक्षा सञ्जाल रहने छ।

(२) उपदफा १ बमोजिमको सञ्जाल देहाय बमोजिम हुने गरी गठन हुनेछ।

क. गोलवजार नगरपालिकाको उप प्रमुख : संयोजक

ख. गोलवजार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत : सदस्य

ग. गोलवजार नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य

घ. गोलवजार नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख : सदस्य

ङ. स्थानीय नेपाल प्रहरीको कार्यालयको प्रमुख वा प्रतिनिधि : सदस्य

च. अभिभावक मध्ये बाट संयोजक बाट मनोनीत महिला अभिभावक एकजना : सदस्य

छ. गोलवजार नगरपालिका भित्रका सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्येबाट एकजना : सदस्य

ज. गोलवजार नगरपालिका भित्रका सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट एकजना : सदस्य

झ. बालक्लबका तर्फबाट एकजना बालिका र एकजना बालका समेत दुईजना : सदस्य

ञ. गोलवजार नगरपालिका भित्रका विद्यालयका लैङ्गिक सम्पर्क महिला शिक्षक मध्येबाट एकजना : सदस्य



नगर प्रमुखको दस्तखत:

नगर प्रमुख २०८२।१२।२५

त. कार्यपालिकाका दलित र महिला सदस्य मध्येबाट दुईजना : सदस्य

थ. बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्था मध्येबाट स्थानीय एकजना : सदस्य

द. गोलबजार नगरपालिकाको शिक्षा समिति संयोजक तथा प्रतिनिधि एकजना : सदस्य

ध. गोलबजार नगरपालिकाको शिक्षा शाखा प्रमुख : सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्थानीय आवश्यकता बमोजिम परिमार्जन तथा थपघट गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको सञ्जालको संरक्षकको रुपमा नगरपालिका प्रमुख रहनेछ ।

(५) स्थानीय सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकमा आवश्यकता अनुसार यस पालिका भित्रका स्रोतकक्षा सञ्चालन भएका विद्यालयका स्रोत शिक्षक, सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(७) आवश्यकता अनुरुप विषय विज्ञ, पत्रकार, गैर सरकारी संस्था, जन प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(८) बालिका तथा समावेशी शिक्षा सञ्जालको मनोनीत वा तोकिएका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(९) वालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक सम्वन्धी कार्यविधि सञ्जाल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) यस पालिकाको शिक्षा शाखाले बालिका तथा समावेशी शिक्षा सञ्जालको सचिवालयको रुपमा कार्य गर्नेछ ।

**६. बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य** : (१) दफा ५को उपदफा बमोजिम गठित बालिका तथा समावेशी शिक्षा सञ्जालको प्रमुख कार्य देहाय बमोजिम हुनेछः

(क) विद्यालय बाहिर रहेका बालबालिका विशेषगरी बालिका, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहिचान गरी शिक्षाको पहुँच सुनिश्चितताका लागि पहल गर्ने,

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्ने गराउने,

(ग) बालबालिकाको विद्यालय शिक्षामा पहुँच, निरन्तरता, सहभागिता र सिकाइ सुनिश्चित गर्न सहजीकरण गर्ने, विद्यालयमा उपयुक्त सिकाइ वातावरण तयार गर्न सहजीकरण गर्ने,

(घ) विद्यालयमा अध्ययनरत बालबालिकाको सहभागिता र सिकाइ उपलब्धि अभिवृद्धिमा आवश्यक समन्वय,सहकार्य एवं सहजीकरण गर्ने,

(ङ) विद्यालयमा गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था गर्ने कार्यमा सहजीकरण गर्ने तथा विद्यालयबाट सिफारिस भई आएका वा जानकारीमा आएका गुनासोको समाधान एवं समाधानकालागि सम्बन्धित निकायमा सम्प्रेषण गर्ने कार्यमा सहजीकरण गर्ने,

(च) शिक्षामा समता र समानताको प्रवर्धन गर्दै मानवीय गरिमाको रक्षाका लागि पहल गर्ने,

(छ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशिता, वैयक्तिक सिकाइ आवश्यकता र विविधताको सम्मानकोलागि सरोकारवालालाई अभिप्रेरित गर्ने,

 नगर प्रमुखको दस्तखत:

त. कार्यपालिकाका दलित र महिला सदस्य मध्येबाट दुईजना : सदस्य
थ. बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्था मध्येबाट स्थानीय एकजना : सदस्य
द. गोलबजार नगरपालिकाको शिक्षा समिति संयोजक तथा प्रतिनिधि एकजना : सदस्य
ध. गोलबजार नगरपालिकाको शिक्षा शाखा प्रमुख : सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्थानीय आवश्यकता बमोजिम परिमार्जन तथा थपघट गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको सञ्जालको संरक्षकको रुपमा नगरपालिका प्रमुख रहनेछ ।

(५) स्थानीय सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकमा आवश्यकता अनुसार यस पालिका भित्रका स्रोतकक्षा सञ्चालन भएका विद्यालयका स्रोत शिक्षक, सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(७) आवश्यकता अनुरुप विषय विज्ञ, पत्रकार, गैर सरकारी संस्था, जन प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(८) बालिका तथा समावेशी शिक्षा सञ्जालको मनोनीत वा तोकिएका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(९) बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक सम्बन्धी कार्यविधि सञ्जाल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) यस पालिकाको शिक्षा शाखाले बालिका तथा समावेशी शिक्षा सञ्जालको सचिवालयको रुपमा कार्य गर्नेछ ।

**६. बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य** : (१) दफा ५को उपदफा बमोजिम गठित बालिका तथा समावेशी शिक्षा सञ्जालको प्रमुख कार्य देहाय बमोजिम हुनेछः

(क) विद्यालय बाहिर रहेका बालबालिका विशेषगरी बालिका, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहिचान गरी शिक्षाको पहुँच सुनिश्चितताका लागि पहल गर्ने,

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्ने गराउने,

(ग) बालबालिकाको विद्यालय शिक्षामा पहुँच, निरन्तरता, सहभागिता र सिकाइ सुनिश्चित गर्न सहजीकरण गर्ने, विद्यालयमा उपयुक्त सिकाइ वातावरण तयार गर्न सहजीकरण गर्ने,

(घ) विद्यालयमा अध्ययनरत बालबालिकाको सहभागिता र सिकाइ उपलब्धि अभिवृद्धिमा आवश्यक समन्वय,सहकार्य एवं सहजीकरण गर्ने,

(ङ) विद्यालयमा गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था गर्ने कार्यमा सहजीकरण गर्ने तथा विद्यालयबाट सिफारिस भई आएका वा जानकारीमा आएका गुनासोको समाधान एवं समाधानकालागि सम्बन्धित निकायमा सम्प्रेषण गर्ने कार्यमा सहजीकरण गर्ने,

(च) शिक्षामा समता र समानताको प्रवर्धन गर्दै मानवीय गरिमाको रक्षाका लागि पहल गर्ने,

(छ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशिता, वैयक्तिक सिकाइ आवश्यकता र विविधताको सम्मानकोलागि सरोकारवालालाई अभिप्रेरित गर्ने,

 नगर प्रमुखको दस्तखत:

(ज) कठिनाइ तथा जोखिममा रहेका वर्गको शैक्षिक अधिकार सुनिश्चित गर्न शैक्षिक प्रणालीमा उचित अनुकूलन वातावरण तयार गर्न पहल गर्ने,

(झ) सञ्जाल बाट वार्षिक रुपमा सम्पादित कार्य सम्बन्धी प्रतिवेदन नगरपालिकाको प्रमुख समक्ष पेस गर्ने,

(ञ) प्रचलित कानून बमोजिम बालिका तथा सामावेशी शिक्षा सम्बन्धमा निर्धारित कार्य सम्पादन गर्ने,

(ट) बालिका तथा समावेशी शिक्षासँग सम्बन्धित विषयमा सञ्जालबाट सम्पादन हुनेगरी निर्धारण भई आएका विषयको सम्पादन गर्ने,

(ठ) विद्यालयमा हुन सक्ने हिंसा, शोषण र दुर्व्यवहार रोकथाम गर्ने तथा सो बाट बालबालिकामा पर्न सक्ने प्रभाव सम्बन्धी सचेतना, समन्वय, सहजीकरण गर्ने,

(ड) केन्द्र तथा प्रदेश सञ्जालबाट सिफारिस भएका विषयलाई समावेशगरी कार्यान्वयन गराउने,

(ढ) बालिका तथा समावेशी शिक्षा सञ्जालको वार्षीक योजना तथा कार्यक्रम विकास गरी नगरपालिकाबाट स्वकृीत गरी लागु गर्ने ।

(ण) बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीति विकास र लागु गर्ने पैरवी गर्ने ।

(त) सम्बन्धित विषय क्षेत्रमा सञ्जालबाट सम्पादन हुन पर्ने तथा आवश्यक देखेका कार्य गर्ने ।

७. विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल: (१) प्रत्येक विद्यालयमा विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्याल यस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन देहाय बमोजिम हुनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य : संयोजक

(ख) विद्यालय रहेको वडाको महिला सदस्य एक जना : सदस्य

(ग) विद्यालयको प्रधानाध्यापक : सदस्य

(घ) महिला शिक्षक मध्येबाट संयोजकले तोकेको एक जना : सदस्य

(ङ) शिक्षक अभिभावक सङ्घ बाट तोकिएका एकजना महिला सहित दुई जना : सदस्य

(च) बालक्लबबाट तोकिएका एकजना बालिका सहित दुईजना : सदस्य

(छ) विद्यालय रहेको वडामा क्रियाशील संघसंस्था बाट एक जना : सदस्य

(ज) अपाङ्गता भएका वा सीमान्तकृत समुदायका बालबालिकाका अभिभावक मध्ये बाट समितिले मनोनीत गरेको कम्तीमा एक महिला सहित दुई जना : सदस्य

(झ) विद्यालय नर्स वा स्थानीय स्वास्थ्य स्वयं सेविका : सदस्य

(ञ) लैङ्गिक सम्पर्क शिक्षक : सदस्य सचिव

(३) स्रोत कक्षा सञ्चालित विद्यालयको हकमा विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्रोत शिक्षकलाई सदस्यको रूपमा संयोजकले मनोनय नगर्नु पर्नेछ ।

(४) विद्यालय स्तरीय सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकमा आवश्यकता अनुसार सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, निकाय र विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।



नगर प्रमुखको दस्तखत:

नगर प्रमुख

(६) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(७) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक सम्वन्धी व्यवस्था सञ्जाल आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल बाट सम्पादन हुने कार्य : दफा ७ बमोजिमको विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल बाट बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशी शिक्षा सम्बन्धमा देहाय बमोजिमका कार्य सम्पादन हुनेछ :

(क) शिक्षक तथा विद्यार्थी आचार संहितामा बालबालिका तथा समावेशी शिक्षा विषय समेत समावेश गरी निर्माण तथा कार्यान्वयन गर्ने गराउने,

(ख) बालबालिकाको शिक्षाको हक सुनिश्चितताकालागि विद्यालय सुधार योजनामा स्थानीय तहको बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सिफारिस भएका विषयलाई समावेशगरी कार्यान्वयन गराउने,

(ग) विद्यार्थीको प्रारम्भिक लेखाजोखा मार्फत अपाङ्गताको पहिचान गरी आवश्यक सेवाका लागि सहयोग तथा सिफारिस गर्ने,

(घ) विद्यालयमा अपाङ्गता भएका विद्यार्थीकालागि अपाङ्गता मैत्री वातावरण सिर्जनाकालागि अवरोध मुक्त विद्यालय क्षेत्र निर्माण गर्ने तथा वैयक्तिक शिक्षण योजना तयार गराई कार्यान्वयन गर्ने,

(ङ) वैकलिपक शिक्षा मार्फत पढाइ पूरागरेका बालबालिकालाई विद्यालय भर्ना गर्ने तथा सिकाइ निरन्तरतामा सहयोग गर्ने,

(च) विद्यालय स्तरीय गुनासो सुनुवाइ कार्यान्वयनकालागि कानुनी व्यवस्था बमोजिम सुझाव पेटिका व्यवस्थापन तथा कार्यावन्यन गर्ने गराउने,

(छ) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्ने गराउने,

(ज) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको समावेशी शिक्षा सम्बन्धी विद्यमान नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनकालागि सम्बन्धित निकाय सँग समन्वय गर्ने र आवश्यकता अनुसार साझेदारी तथा सहकार्य गर्ने,

(झ) विद्यालय तथा समुदाय स्तरमा बालिका माथि भएको लैङ्गिक हिंसा न्यूनीकरणकालागि सम्बन्धित निकायमा समन्वय गर्ने,

(ञ) बालिका तथा समावेशी शिक्षा अन्तर्गत सामाजिक तथा सांस्कृतिक बाधालाई समाधान गर्न आवश्यक समन्वय र सहकार्य गर्ने,

(ट) बालिका तथा समावेशी शिक्षा सञ्जालमा सिफारिस भएका मध्ये विद्यालयबाट समाधान गर्न नसकिने विषयको सम्बन्धमा स्थानीयतहको योजना तथा कार्यक्रममा समावेश गर्न समन्वय गर्ने,

(ठ) बालिका मैत्री वातावरण निर्माणमा सहजीकरण गर्ने तथा वास (WASH) सुविधा सहितको शौचालय, सेनिटरी प्याड, विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्ति, स्वास्थ्य सेवा, आदिको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(ड) विद्यालयमा बालिका, सीमान्तकृत समुदायका बालबालिका र अपाङ्गता भएका बालबालिकाको पठन पाठनकालागि उपयुक्त वातवारण सृजना गर्न सहयोग गर्ने,

 नगर प्रमुखको दस्तखत:

नगर प्रमुख
२०८२।२।२१

(ढ) लैङ्गिक हिंसा तथा दुर्व्यवहार, बालविवाह, विपद् जोखिम न्यूनीकरण आदि विषयमा सचेतना, अभिमुखीकरण गर्ने गराउने,

(ण) जोखिम, हेपाइ, हिंसा तथा उत्पीडन आदि जस्ता घटनाको न्यूनीकरण तथा समाधान गर्न स्थानीय सहयोग समूह र संस्थाको सम्पर्क विवरण तयार राख्ने र सम्बोधन गर्ने प्रक्रिया बारे बालक्लब र किशोर तथा किशोरी समूहका सदस्यलाई अभिमुखीकरण गर्ने,

(त) बालबालिकाको विशिष्ट आवश्यकता सम्बोधनकालागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापक समक्ष पुऱ्याउन सहयोग गर्ने,

(थ) विद्यालय र विद्यालय स्तरीय सञ्जालको सहयोगमा बालबालिकालाई नेतृत्व सीप, परिचालन, सचेतना र सामुदायिक विकास जस्ता विषय सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(द) विद्यालयमा कठिन परिस्थितिमा रहेका बालिका, सीमान्तकृत समुदाय र अपाङ्गता भएका विद्यार्थीको विस्तृत व्यक्तिगत विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्ने,

(ध) स्थानीय तहको समन्वयमा विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने,

(न) सञ्जालको बैठकमा भएका छलफल र निर्णयको कार्यान्वयन स्थितिको पहिचान तथा समीक्षा गर्ने र थपप्रभावकारी कार्यान्वयनकालागि सुझाव उपलब्ध गराउने

(प) गुनासो सुनुवाइ समिति र बालक्लब र किशोर तथा किशोरी समूह, लैङ्गिक सम्पर्क व्यक्ति, प्रअ र शिक्षक तथा शिक्षण सिकाइ सम्बन्धमा भएको उपलब्धि तथा प्रगति विवरणको समीक्षा गरी आवश्यक मार्ग निर्देशन र सल्लाह प्रदान गर्ने,

(फ) सञ्जालको कार्य विवरण भित्रका विषयसँग सम्बन्धित क्रियाकलापमा पारदर्शिता,जवाफदेहिता र प्रभावकारीताका लागि समय समयमा अनुगमन तथा समीक्षा गरी प्रतिवेदन तयारी र संप्रेषण गर्ने ।

## परिच्छेद ४

## लैङ्गिक सम्पर्क शिक्षक समवन्धी व्यवस्था

**९. लैङ्गिक सम्पर्क शिक्षकको काम, कर्तव्य तथा जिम्मेवारीः** (१) अन्यत्र उल्लेख भएका कार्यजिम्मेवारीका अतिरिक्त लैङ्गिक सम्पर्क शिक्षकको काम, कर्तव्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) विद्यालय स्तरीय सञ्जालको नियमित बैठक गराउन अध्यक्ष संग समन्वय गर्ने र बैठकमा भएका छलफल र निर्णय कार्यान्वयनकालागि विद्यालयका सरोकारवाला सँग परामर्श तथा समन्वय गर्ने,

(ख) बैठकवाट आएका मुद्दाको सम्वोधन तथा समस्याको समाधानकालागि पहल गर्ने,

(ग) विद्यालय स्तरीय सञ्जालको निर्णय बमोजिम सम्वन्धित सरोकारवाला संस्था र व्यक्तिसँग समन्वय गरी स्रोत व्यवस्थापन तथा योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्ने,

(घ) लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषय वस्तुलाई विद्यालयमा निर्माण हुने आचार संहितामा समावेश गर्न परामर्श र सहयोग गर्ने,

(ङ) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधिलाई लैङ्गिक तथा अपाङ्गता मैत्री बनाउन सहजीकरण गर्ने तथा सञ्जाललाई सक्रियबनाउन समन्वय गर्ने,

(च) विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा स्थानीय सङ्घ संस्थासँग समन्वयगरी लैङ्गिक संवेदनशीलता, लैङ्गिक समानताका विषयमा जनचेतना अभिवृद्धि र क्षमता विकासका कार्य गर्ने,



नगर प्रमुखको दस्तखतः

(छ) विद्यालयमा गुनासो सुनुवाइको व्यवस्थापनमा सहजीकरण गर्ने र गुनासोको उचित सम्बोधनकालागि समन्वय गर्ने,

(ज) सञ्जालको कार्यविवरणमा भएका विषयको कार्यान्वयन गर्नकालागि संयोजक तथा प्रधानाध्यापक र बालक्लबसँग समन्वय तथा परामर्श गरी प्रभावकारीताकालागि पहल गर्ने ।

## परिच्छेद ५

## विभिन्न निकायको भुमिका

**१०. गोलबजार नगरपालिकाको भूमिका** : बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्वन्धमा यस गोलबजार नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) नेपाल सरकार, मन्त्रालय तथा प्रदेश सरकारबाट जारी मापदण्ड वा कार्यविधि अनुकूल हुनेगरी सवै बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताकालागि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि विकास एवं परिमार्जन गर्ने,

(ख) यस गोलबजार नगरपालिकामा गठन भएको सञ्जालको कार्यजिम्मेवारी तोक्ने र सोअनुसारको कार्य गर्ने गराउने,

(ग) सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, सीमान्तीकृत वर्ग लगायतको अर्थपूर्ण सहभागीताको सुनिश्चितता हुने व्यवस्था मिलाउने,

(घ) विद्यालय स्तरमा सञ्जाल गठनका लागि सहजीकरण र सहयोग गर्ने,

(ङ) सञ्जाल सञ्चालन एवं व्यवस्थापनकालागि आवश्यक पर्ने स्रोतको व्यवस्था मिलाउने,

(च) यस गोलवजार नगरपालिकाको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षाकालागि सञ्जालको प्रावधान मिलाउने,

(छ) बालिका तथा समावेशी शिक्षा सम्वन्धी सूचक विकास गरी अनुगमन एवं निरीक्षण गर्ने गराउने,

(ज) विद्यालय स्तरीय सञ्जाल बाट प्राप्त सुझाव एवं सिफारिस कार्यान्वयनको व्यवस्था मिलाउने,

(झ) विशेष सहयोग उपलब्ध गराउनु पर्ने वर्ग, क्षेत्र एवं लक्षित समूह पहिचान गरी सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ञ) यस गोलबजार नगरपालिका भित्र रहेका बालिका, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न लेखा जोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ट) विद्यालय तथा सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने,

(ठ) यस गोलवजार नगरपालिका तथा विद्यालय स्तरीय सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण र क्षमता विकास गर्ने गराउने,

(ड) विद्यालय स्तरीय सञ्जालमा विद्यालय नर्सको सहभागिता वा स्वास्थ्य संस्था सँग विद्यालयको आबद्धता सुनिश्चितता गर्ने गराउने,

(ढ) लैङ्गिक तथा समावेशी शिक्षा सम्वन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ण) यस गोलबजार नगरपालिकाको अपाङ्गता तथा लैङ्गिक उत्तरदायी नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्ने गराउने,

(त) यस गोलबजार नगरपालिकाले आवश्यक देखेका अन्य कार्य ।



नगर प्रमुखको दस्तखत:

नगर प्रमुख

**११. विद्यालयको भूमिका** : बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्बन्धमा सम्बन्धित विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(क) यस गोलबजार नगरपालिकाले तोके बमोजिम विद्यालय सेवा क्षेत्र भित्रका बालबालिकाको शिक्षामा पहुँच, निरन्तर सिकाइ सुनिश्चितताकालागि विद्यालय स्तरीय सञ्जाल गठन तथा सञ्चालन गर्ने,

(ख) विद्यालयमा कार्यरत महिला शिक्षक कर्मचारी मध्येबाट लैङ्गिक सम्पर्क शिक्षक तोक्ने र काममा लगाउने,

(ग) विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रलाई क्रियाशील बनाउने र आएका गुनासो सम्बोधन र आवश्यकता अनुसार सिफारिस गरी स्थानीय तहमा पठाउने,

(घ) विद्यालय स्तरीय सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, सीमान्तीकृत वर्ग लगायतको सहभागिताको सुनिश्चितता गर्ने,

(ङ) विद्यालय सुधार योजनामा लैङ्गिक तथा समावेशी शिक्षाकोलागि सञ्जालको प्रावधान समावेश गर्ने,

(च) लैङ्गिक तथा समावेशी शिक्षा व्यवस्थापनकालागि स्थानीय सङ्घ संस्था, अभिभावक, नागरिक समाज लगायत सँग समन्वय सहकार्य र साझेदारी गर्ने,

(छ) विद्यालय स्तरीय सञ्जाल बाट प्राप्त सुझाव एवं सफारिस कार्यान्वयनको व्यवस्था मिलाउने,

(ज) बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकाको विद्यालय शिक्षामा नियमितताकालागि प्रेरित गर्ने,

(झ) विशेष सहयोग उपलब्ध गराउनु पर्ने वर्ग, क्षेत्र एवं लक्षित समूह पहिचान गरी सहयोग उपलब्ध गराउने,

(ञ) विद्यालय भित्र रहेका अपाङ्गता तथा सीमान्तीकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्ने लेखाजोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउन व्यवस्था मिलाउने र स्थानीय तह सँग समन्वय गर्ने,

(ट) विद्यालयलाई हिंसा मुक्त क्षेत्रको रूपमा विकास गरी सहज सिकाइ वातावरण निर्माण गर्ने,

(ठ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा सञ्जालसँग सहकार्य समन्वय गरी बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई नियमित विद्यालयमा आउने वातावरण तयार गर्ने,

(ड) किशोर किशोरी माथि हुन सक्ने दुर्व्यवहार हिंसा, शोषण, विभेद विरूद्ध सचेतना विकास गर्ने तथा बाल क्लव परिचालन गर्ने,

(ढ) विद्यालय तथा सञ्जाल बाट सिफारिस भई आएका विषयको विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने,

(ण) विद्यालय स्तरीय सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण र क्षमता विकास गर्ने गराउने,

(त) विद्यालय स्तरीय सञ्जालमा विद्यालय नर्सको सहभागिता वा स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चित गर्ने गराउने,

(थ) लैङ्गिक तथा समावेशी शिक्षा सम्बन्धी सचेतना मूलक कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने गराउने,

(द) विद्यालयमा हुने नियमित कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकालाई सहभागिताका लागि विशेष प्राथमिकता दिने,

(ध) सञ्जालको गठन गर्दा बालिका, अपाङ्गता र सीमान्तीकृत समुदायका बालबालिकाको सहभागिताको सुनिश्चित गर्ने गराउने,



नगर प्रमुखको दस्तखत:

नगर प्रमुख

(न) यस गोलबजार नगरपालिकाले निर्देश गरेका बालिका तथा समावेशी शिक्षा सम्बधी अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद ६
## अन्तर सम्बन्ध

**१२. अन्तर सञ्जाल समन्वय :** (१) बालिका तथा समावेशी शिक्षा सम्बन्धी केन्द्रीय तथा प्रदेश, सञ्जाल सँग यस गोलबजार नगरपालिकाको सञ्जालको सम्बन्ध कायम गरीनेछ ।

(२) गोलबजार नगरपालिका तथा अन्तर विद्यालयगत रुपमा लैङ्गिक तथा समावेशी शिक्षाको प्रवर्धनका सम्बन्धमा अन्तर सम्बन्ध कायम गरिनेछ ।

(३) केन्द्रीय सञ्जाल तथा प्रदेश सञ्जालवाट प्राप्त सूचना तथा जानकारी अभिलेख रहने व्यवस्था मिलाइनेछ ।

(४) यस गोलबजार नगरपालिकाको संजालका गतिविधि तथा प्रगती संवन्धीत विवरण अभिलेखन गरी आवश्यक सम्वन्धीत ठाँउमा पठाइनेछ ।

**१३. प्रतिवेदन पेसगर्नुपर्ने :** यस सञ्जालले अर्धवार्षीक तथा वार्षीक रुपमा आफ्ना गतिविधिको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

**१४. विद्यालयले प्रतिवेदन पेस गर्नुपर्ने :** (१) विद्यालयले अनुसूची -१ बमोजिमको ढाँचामा आफ्नो विद्यालयको सञ्जाल मार्फत भएका कार्यको प्रतिवेदन तयार गरी त्रैमासिक रूपमा यस नगरपालिकामा पठाउनु पर्नेछ ।

## परिच्छेद ७
## विविध

१५. **सञ्जालको बैठक:** वर्षमा न्यूनतम चार पटक वस्नु पर्ने छ । बैठक संचालन मापदण्ड सञ्जालले नै विकास गर्न सक्नेछ ।

१६. बैठक संचालन तथा सञ्जालको अन्य खर्च यस नगरपालिकाले जुटाउने छ ।

**१७. समीक्षा गर्नु पर्ने :** सञ्जालले वालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका वालवालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा भएका कार्यक्रमको समीक्षा वार्षिक रुपमा गर्नु पर्नेछ ।

**१८. बाधा अड्काउ फुकाउन सकिने :** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधाअड्काउ परेमा कार्यपालिकाले त्यस्तो वाधाअड्काउ फुकाउन सक्नेछ ।

**१९. यसै मापदण्ड बमोजिम हुने :** यस मापदण्डमा उल्लेख भएका विषय प्रचलित कानुनमा उल्लेख भएको भए सोही बमोजिम र उल्लेख नभएको विषयमा यसै मापदण्ड बमोजिम हुनेछ ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय

 नगर प्रमुख २०७९/१२/२३ नगर प्रमुखको दस्तखत:

## अनुसूची -१

**(दफा 14 को उपदफा (१) सँग सम्बन्धित)**

**विद्यालयले त्रैमासिक रूपमा गोलबजार नगरपालिकामा पठाउने प्रतिवेदनको ढाँचा:**

विद्यालयः

ठेगानाः

| क्र.सं. | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखतः

नामः

लैङ्गिक सम्पर्क व्यक्ति

मितिः



नगर प्रमुखको दस्तखत:

आज मिति २०८२/१२/२९ गते आईतवार दिनको ०८:०० बजे गोलबजार नगरपालिकाका नगरप्रमुख श्री श्याम कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो ।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री श्याम कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री मान्ती साह | नगर उपप्रमुख | |
| ३ | श्री अनन्त कुमार पौड्याल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री देव बहादुर मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री सुकदेव सिंह | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री धन प्रसाद लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री सकल देव यादव | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री बालकृष्ण गौतम | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री संजित लामा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री हरि शरण ठाकुर | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री सुरेन्द्र कुमार सिंह | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री उपेन्द्र कुमार मुखिया | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सोहेव अनवर | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री गणेश कुमार मुखिया | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नन्द कुमार महतो | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री इन्दिरा मगर | कार्यपालिका सदस्य | |
| १८ | श्री उषा देवी धमला | कार्यपालिका सदस्य | |
| १९ | श्री गीता कुमारी आले थापा मगर | कार्यपालिका सदस्य | |
| २० | श्री प्रभा कुमारी सिंह | कार्यपालिका सदस्य | |
| २१ | श्री सनेचरी देवी महरा | कार्यपालिका सदस्य | |
| २२ | श्री फुलेश्वर नायक | कार्यपालिका सदस्य | |
| २३ | श्री राम प्रसाद पासमान | कार्यपालिका सदस्य | |
| २४ | श्री सुशिल मुखिया | कार्यपालिका सदस्य | |

**निर्णय नं. १५:** गोलबजार नगरपालिकाको प्रशासनिक कार्यको लागि आवश्यक भएको तपसिल बमोजिमका रणनीति, कार्यविधि र मापदण्डहरु पारित गर्ने र प्रमाणीकरण गरी जारी गर्ने निर्णय गरियो ।

क. बालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

ख. विद्यालयमा गुनासो सुनुवाई कार्यविधि, २०८२

ग. बालिका तथा समावेशी शिक्षा सञ्चालन तथा गठन मापदण्ड, २०८२